मधेश प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

प.सं. :-०८२।०८३
च.नं. :-

## सतर्कताका लागि अनुरोध

जल तथा मौसम विज्ञान विभागका अनुसार बंगालको खाडीमा विकसित चक्रवात मोन्थाका कारण २०८२ कार्तिक १३ गते बिहीबार दिउँसो देखि कार्तिक १५ गते शनिबार बिहान सम्म मधेश प्रदेशको मौसम प्रभावित हुने देखिन्छ । उक्त प्रणालीको प्रभावबाट मधेश भरि मध्यम वर्षाको तथा एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ । सम्भावित वर्षाका कारण धान, तरकारी लगायतका वालीमा प्रभाव पर्न सक्ने सम्भावना रहेकोले आवश्यक पूर्वतयारी एवं सतर्कता अपनाई देहाय बमोजिमका कार्यहरु गर्न गराउनु हुनु सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

**देहायः**

१ धान तथा अन्य बाली नकाट्ने, काटेको भए तत्काल भित्र्याँउने । नकाटेको धानलाई मौसम सफा भई पानी पर्न रोकिएको ३-४ दिनपछि मौसमको अवस्था हेरेर मात्र धान काट्ने ।

२ पाक्न लागेका धान खेतहरुमा, तरकारीबाली तथा फलफूल बगैचाहरुमा पानी निकासको उचित व्यवस्था गर्ने ।

३ वर्षा भइरहेको समयमा कुनै पनि प्रकारको मल तथा विषादीहरु प्रयोग नगर्ने।

४ नदी, खोला छेउमा स्थित संरचनाहरु कृषि फार्म, माछा पोखरी, संरक्षित संरचना बाढीको जोखिममा पर्नो उच्च सम्भावना रहने भएकोले उक्त स्थानमा कुनै पनि किसिमको कृषि कार्य नगर्ने तथा सम्भव भएसम्म भण्डारणमा रहेका खाद्यान्न तथा अन्य आवश्यक सामग्रीहरु सुरक्षित स्थानमा व्यवस्थापन गर्ने।

५ पशुवस्तुलाई खुवाउने दानालाई सफा र ओभानो ठाउँमा भण्डारण गर्नुहोस्। भिजेका, र बाढी पसेका स्थानका घाँस, पराल, दाना वा अन्न नखुवाउनुहोस्। यस्तो अवस्थामा पशुवस्तुलाई पाचन प्रणाली, र श्वासप्रश्वास प्रणालीजन्य रोगका लक्षणहरु देखिन सक्ने हुँदा, सो बारेमा चनाखो भई पशुवस्तुहरुलाई अनुगमन गर्नुहोस् साथै पशुहरुलाई वर्षातको समयमा खुल्ला चरिचरनमा नलैजाने।

६ माछापोखरीमा धमिलो पानी मिसिन नदिनुहोस्। माछापोखरीको निकासद्वारमा माछाको साइज अनुसारको जाली लगाई पानी निकासको उचित व्यवस्था मिलाउनुहोस्।

डा. उमेश दाहाल
प्रदेश सचिव